दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधारः
–लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
–लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
–गैरकानूनी गतिविधिमा आफू पनि नलागौँ, अरूलाई पनि लाग्न नदिऔँ ।
–स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौँ ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष ३५ | अंक ०३ | बुटवल | २०७९ पुस १३ गते बुधबार | नेपाल संवत ११४३ | Wednesday Dec 28, 2022 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# नयाँ जनप्रतिनिधिका पुराना कार्यक्रम

**सन्धिखर्क नगरपालिकाले पर्यटनलाई जोड दिनेगरी बिगतकै नीति तथा कार्यक्रम दोहोऱ्याएको देखिन्छ । छत्रदेव गाउँपालिकाले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानतालगायतका नीति दोहोऱ्याएको छ, भने भूमिकास्थान नगरपालिकाले पनि कृषि पूर्वाधार, सहकारी तथा वित्तीय नीति, पर्यटकीय पूर्वाधारसम्बन्धी विषयमा पुरानै नीतिलाई निरन्तरता दिएको छ ।**

**हुमाकान्त पोखरेल**
*अर्घाखाँची*

स्थानीय तहको निर्वाचनबाट दोस्रो कार्यकालका लागि नयाँ जनप्रतिनिधिहरु निर्वाचित भए पनि उनीहरुले पुरानै नीति तथा कार्यक्रमलाई प्राथमिकता दिएका छन् । जिल्लामा तीन गाउँपालिका र तीन नगरपालिका गरी ६ पालिका छन् । ०७४ को निर्वाचनमा कांग्रेसले जितेको सन्धिखर्क नगरपालिका र पाणिनी गाउँपालिका अहिले एमालेले जितेको छ । अघिल्लो पटक माओवादी केन्द्रले जितेको भूमिकास्थान नगरपालिका अहिले राष्ट्रिय जनमोर्चाले जितेको छ । अघिल्लो निर्वाचनमा कांग्रेसले जितेको छत्रदेव गाउँपालिका र शितगंगा नगरपालिका अहिले पनि नेपाली कांग्रेसले जितेको छ । अघिल्लो निर्वाचनमा एमालेले जितेको मालारानी गाउँपालिका, कांग्रेसले जितेको पाणिनी गाउँपालिका र सन्धिखर्क नगरपालिका अहिले एमालेले नै जितेको छ । त्यस्तै अघिल्लो पटक माओवादी केन्द्रले जितेको अहिले राष्ट्रिय जनमोर्चाले जितेको छ। यसपटक अर्घाखाँचीमा माओवादी केन्द्रले कुनै पनि पालिका अध्यक्ष जित्न सकेन ।

यो सन्दर्भमा विगतमा एउटा पार्टी र अहिले फरक पार्टीको नेतृत्व रहेको सन्धिखर्क, भूमिकास्थान नगरपालिका र छत्रदेव गाउँपालिकालाई आधार बनाउँदै प्रस्तुत आलेख तयार पारिएको हो । यी तीनवटा स्थानीय तहको नीति हेर्दा सन्धिखर्क नगरपालिकाले पर्यटनलाई जोड दिनेगरी बिगतकै नीति तथा कार्यक्रम दोहोऱ्याएको देखिन्छ । शिक्षा, पूर्वाधार, स्वास्थ्यलगायतका नीति पनि सन्धिखर्कमा दोहोरिएका छन् । छत्रदेव गाउँपालिकाले कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानतालगायतका नीति दोहोऱ्याएको छ, भने भूमिकास्थान नगरपालिकाले कृषि पूर्वाधार, सहकारी तथा वित्तीय नीति, पर्यटकीय पूर्वाधारसम्बन्धी विषयमा पुरानै नीतिलाई निरन्तरता दिएको छ ।

**सन्धिखर्कमा हुबहुँ**



०७४ को निर्वाचनमा कांग्रेसका कमलप्रसाद भुसाल प्रमुख भएको सन्धिखर्क नगरपालिकामा ०७९ मा नेकपा एमालेका कृष्णप्रसाद श्रेष्ठ निर्वाचित भए । नयाँ कार्यभार सम्हाल्न चुनिएका श्रेष्ठले नीति तथा कार्यक्रम भने पुरानै ल्याए । अर्थात् केही नयाँ नीति तथा कार्यक्रम आउने अपेक्षासहित नागरिकले श्रेष्ठलाई मतदान गरे पनि नीति तथा कार्यक्रम भने पुरानै रहेको छ । नीति तथा कार्यक्रमका अधिकांश शीर्षकका बुँदाहरु दोहोरिएका छन् । आर्थिक वर्ष ०७८/०७९ मा कृषि तथा पशुपंक्षी विकासअन्तर्गत कृषि व्यवसायलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकरण तथा बजारीकरणमार्फत् नगरपालिकालाई आत्मनिर्भर बनाउने उल्लेख छ ।

त्यस्तै प्रत्येक वडामा सम्भाव्यताका आधारमा पकेट क्षेत्रको पहिचान गरी विकास गर्न माटो परीक्षण गर्न घुम्ती शिविर सञ्चालन गर्ने, नगरभित्रको दूधको उत्पादकत्व वृद्धि गर्न र नश्ल सुधार गर्नको लागि सहकारी संस्थाहरुको साझेदारीमा उन्नत नश्लका मुर्रा भैंसी भित्र्याउने उल्लेख छ। अहिले उक्त बुँदाहरु हुबहुँ समावेश गरिएका छन् ।

आगामी पाँच वर्षभित्र निर्यात गर्न सकिने गरी एभोकार्डो, किवी, ड्रागन, फ्रूट, कागती र दाँते ओखर खेतीलाई प्रवर्द्धन गर्ने, खेतीयोग्य जमिनको नियमित माटो परीक्षणको व्यवस्था मिलाउने, ग्रामीणस्तरमा कृषि यान्त्रिकरण कार्यलाई बढावा दिन लागत साझेदारीमा कुटनी-पिसनी यन्त्र वितरण गर्ने, निःशुल्क बाख्रा तथा बोका वितरण गर्नेलगायतका नीति तथा कार्यक्रम पनि दोहोरिएका छन् ।

नगरपालिकाका प्रमुख श्रेष्ठले नयाँ नीति तथा कार्यक्रम बनाउने पर्याप्त समय नभएका कारण अधिकांश नीति तथा कार्यक्रम दोहोरिएको स्वीकार गरे ।

**छत्रदेवको नीति तथा कार्यक्रम कपिपेष्ट**

छत्रदेव गाउँपालिकाले अधिकांश नीति तथा कार्यक्रमहरु गत आर्थिक वर्षकै कपि/पेष्ट गरेको छ ।

» बाँकी २ पेजमा

उद्योगी व्यवसायी भन्छन् -

# ‘सावाँ र ब्याज तिर्छौं समयावधि बढाइदेउ’

**मोहम्मद हबिब**
*भैरहवा*

उद्योगी व्यवसायीलाई आत्महत्या गर्ने अवस्था सृजना गरेको भन्दै उद्योगी व्यवसायी आबद्ध संस्थाले नेपाल राष्ट्र बैंक अगाडि धर्ना दिएका छन् । बैंक तथा वित्तीय संस्थाको चर्को व्याजदर, भुक्तानी अवधि बढाउ जस्ता माग राखेका थिए ।

राष्ट्र बैंकले अव्यवहारिक खालको ‘चालु कर्जा मार्ग निर्देशन-२०७९’ कात्तिक १ गतेदेखि लागू गरेको छ, यसबाट व्यवसायीहरु आतंकित हुने परिस्थिति आएको छ । कोरोनाका कारण व्यापार, व्यवसायमा गिरावट आएको बेला नेपाल राष्ट्र बैंकले व्याजदर बढाउँदा उद्योगी, व्यवसायी



बैंकिङ नीतिको विरोध र ज्यादतिका कारण उद्योगी व्यवसायीहरु प्रभावित भएकोले उनीहरुविरुद्ध आन्दोलनमा उत्रिएका हुन् । नेपाल राष्ट्र बैंकले निर्धारण गरेको चर्को व्याजदरविरुद्ध व्यवसायीको छाता संगठनले अगुवाइ गरी धर्ना दिएका हुन् ।

रुपन्देहीका दर्जनबढी संस्थाहरुको अगुवाइमा शान्तिपूर्ण विरोध ऱ्यालीसहित नेपाल राष्ट्र बैंक सिद्धार्थनगरमा धर्ना दिएको सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीका अध्यक्ष भिष्म न्यौपानेले बताए । संघको परिसरबाट सुरु भएको विरोध ऱ्याली विद्रोही चोक, मिलनचोक, बैंक रोड हुँदै राष्ट्र बैंक कार्यालय अगाडि धर्नामा परिणत भएको थियो । विभिन्न मागसहित नाराबाजी गर्दै आन्दोलनमा उत्रिएका उद्योगी व्यवसायीले राष्ट्र बैंक कार्यालय भैरहवाको मूल गेटमा धर्ना दिएका हुन् ।

उद्योगी व्यवसयीहरुले बैंक तथा वित्तीय संस्थाको ज्यादती रोक, उद्योग व्यवसाय गर्ने वातावरण कायम गर, पर्यटन व्यवसाय विस्थापित होइन स्थापित गर, व्याजदर एकल बिन्दुमा कायम गर, प्रिमियम दर बढीमा २ प्रतिशत गर, उद्योग व्यवसाय नीति कायम गर, चालू पुँजी कर्जा निर्देशिका २०७९ खारेज गर, सावा र व्याज मर्कामा परेको भन्दै व्यवसायीले चरणबद्ध आन्दोलन गर्न बाध्य भएका हुन् ।

उद्योगी व्यवसायीहरुले सरकार र नेपाल राष्ट्र बैंकले आफूहरुलाई विस्थापनमै पार्ने नियत राखेर चर्को व्याजदर लादेकोले आन्दोलनमा जानुपर्ने बाध्यता सिर्जना भएको व्यवसायीहरु बताउँछन् ।

बैंकको ज्यादतिले उद्योगी व्यवसायी तनावमा परेका छन् । असुलीको नाममा बैंकहरुले आत्महत्या गर्न प्रेरित गरिरहेका छन् । हामीहरुले व्याज तिर्दैनौ भनेका छैनौ, केवल व्याजदर घटाउन र समयावधि बढाउन माग गरेको संघका महासचिव विजय पाण्डेको भनाइ रहेको छ ।

बैंकले पटक-पटक ऋण र व्याज असुल गर्न घर घरमा पुग्ने गरेकोले उद्योगी व्यवसयीहरु मानसिक यातना हुने गरेको छ । देशको आर्थिक अवस्था संकटमा परेको बेला उद्योगी व्यवसयीलाई संरक्षण गर्नुको साटो बैंक तथा वित्तीय संस्थाहरुमार्फत् पलायन हुने अवस्था ल्याइएको छ ।

कोरोनाका कारण समस्यामा परेका उद्योगी व्यवसायी चर्को बैंक व्याजदरले थप समस्यामा परेको चेम्बर अफ कमर्स, रुपन्देही

» बाँकी २ पेजमा

# जाडोसँगै बालबालिकामा स्वास्थ्य समस्या

**प्रतिमा गौतम**
*बुटवल*

कपिलवस्तु चनौटाकी शर्मिला चौधरीले बच्चा उपचार गर्न बुटवलसम्म ल्याइन । जाडो मौसम सुरु भएसँगै उनको ५ महिनाको छोरालाई श्वासप्रश्वासमा समस्या देखिन थालेपछि उनी छोराको उपचारका लागि चनौटादेखि बुटवलसम्म आउन पऱ्यो । उनले भनिन्-‘छोरालाई निमोनिया भैसकेको रहेछ । के गर्नु बच्चा हुर्काउन गाह्रो रहेछ ।’

शर्मिला मात्र होइन जाडो मौसम सुरु भएसँगै धेरै बालबालिका चिसोकै कारण बिरामी हुन थालेका छन् । पराजुली फार्मेसी बुटवलका वरिष्ठ बालरोग विशेषज्ञ डा. विनोद पराजुलीले आफूसँग दैनिक सरदर १०० जना बिरामी आउने गरेको बताए । अझैं चिसो बढ्दै जाने भएकाले रोग नलाग्दै सचेत हुन समेत डा. पराजुलीले आग्रह गरेका छन् ।



कपिलवस्तु कि शर्मीला जस्तै गुल्मीकी रीता थापाले पनि छोरीलाई औषधि गर्न ल्याएकी छन् । उनकी छोरीलाई पनि रुघाखोकीकै समस्या देखिएर बुटवलसम्म ल्याएको बताइन । ‘छोरा छोरी बिरामी भएपछि साह्रै मन आत्तिदोरहेछ । यो मेरी छोरीलाई त औषधिले नै बचाएको छ । छिनछिनमा बिरामी भैरहन्छ ।’-उनी भन्छिन् ।

» बाँकी २ पेजमा

हार्दिक अनुरोध
- VCB अनिवार्य गरी मालवस्तु ढुवानी गरौं ।
- राजश्व चुहावट भएको जानकारी प्राप्त भए सूचना दिऔं
- मालवस्तु खरिद, विक्री गर्दा अनिवार्य बिल बिजक लिने दिने गरौं ।
- कर तिरौं, सभ्य नागरिकको बनौं ।
- वितरक तथा थोक विक्रेताले थोक स्तर मा विक्री गर्दा VCTS मा इन्ट्रि गरेर ढुवानी गरौं ।
राजश्व अनुसन्धान कार्यालय
बुटवल, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना

हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभा सदस्य माननीय विष्णु पौडेलज्यू उपप्रधान तथा अर्थमन्त्रीमा आसिन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको सफल एवम् सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।
विरमान लामा
अध्यक्ष (एवम्)
सुन्दर नगर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था परिवार
बुटवल-६, सुन्दरनगर, रुपन्देही

## सम्पादकीय

# नक्कली सुकुम्बासी पहिचान गर

नेपालमा सुकुम्बासी समस्या कहिल्यै समाधान हुन सकेन । सुकुम्बासी समस्या समाधान तथा व्यवस्थापनको विषय पेचिलो बन्दै गएको छ। सुकुम्बासी समस्या समाधानको नाममा अहिलेसम्म गठन भएका आयोगहरूले पटक-पटक जग्गा वितरण गरिसक्दा पनि सुकुम्बासी समस्या किन झन् बढ्दो छ ? यसतर्फ अहिलेसम्मका सरकारले मसिनो गरी अध्ययन गरेको पाइँदैन। सुकुम्बासी समस्या चुनावका बेला ठूलै मुद्दा बन्छ र चुनाव सकिएपछि सेलाउँछ।

पटक-पटक सुकुम्बासीका नाममा जग्गा बाँडियो तर दलिय झुकाब नजिकका आफन्त हेर्ने क्रममा धरै ठाउँमा गैर सुकुम्बासीले जग्गा पाए। एकातिर वास्तविक सकुम्बासीले न्याय पाएका छैनन्, भने अर्कोतिर यसरी सुकुम्बासी परिवार घट्नुको साटो झन् बढेर 'क्रोनिक' समस्या नै भएको छ। यसका धेरै कारणमध्ये प्रमुख हो, सत्तामा आलोपालो पुगेका दलको ध्यान समस्या समाधानमा नहुनु ।

नेपालमा सुकुम्बासी, भूमिहीनलगायत अनेकन् नाममा दशकौंदेखि खराब राजनीति हुँदै आएको छ । नेताहरूले धनीपुर्जा बाँड्ने आश्वासन दिँदै आफ्नो राजनीति गर्दै आएका छन् । सुकुम्बासीका नाममा राजनीति गरेका धेरै नेता आज आफैँ जमिनदार बनेका छन् । सत्ताको बागडोर सम्हालेका छन् । तर सुकुम्बासी समस्या जस्ताको त्यस्तै छ। अनि प्रत्येक चुनाव अघि धनीपुर्जा नामक ललिपप बाँडिदै आएको छ।

देशका अन्य ठाउँमा जस्तै बुटवल उप-महानगरपालिकामा पनि सुकुम्बासी समस्या 'क्रोनिक' समस्याको रुपमा रहेको छ । बुटवलमा १५ हजार ४ सय ९८ घरपरिवार सुकुम्बासी पहिचान भएका छन् । बुटवल उप-महानगरपालिकाले पहिचान गरेका यी सुकुम्बासी तिनाउ नदीको बहाव क्षेत्रसहित अन्य जोखिमयुक्त स्थलमा बसेका छन् । यसरी भूमिहीन र अव्यवस्थित बसोबासी ऐनले अयोग्य ठानेको सार्वजनिक जग्गामा बुटवल उप-महानगरले बसोबासको प्रमाणपत्र दिने प्रक्रिया सधि बढाएको छ। जुन कानूनत अवैध कार्य हो। ऐनमा भएको व्यवस्थाले तिनाउ किनारका सुकुम्बासीले लालपुर्जा पाउँदैनन् ।

चुनाबका बेला तिनाउ किनारलगायत जोखिमयुक्त ठाउँमा बसेका सुकुम्बासीलाई लालपुर्जा दिलाउने आश्वासन नेताहरुले दिँदै आएका छन् । लालपुर्जाको भोको रहेका सुकुम्बासीले भने लालपुर्जा होइन, बसोबासको प्रमाणपत्र पाउँदैछन् । यो उप-महानगरले सुकुम्बासीलाई झुक्याउने प्रपञ्च सिवाय केही होइन । बसोबासको प्रमाणपत्र लालपुर्जा होइन । उप-महानगरपालिकाले लालपुर्जा वितरण गर्न पाउँदैन ।

नागरिकको गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता संवैधानिक र मौलिक हकको रक्षा गर्नु सरकारको कर्तव्य हो। तर त्यसका निम्ति अनन्तकालसम्म जग्गा बाँड्न सम्भव हुँदैन। राणाकालदेखि नै जग्गा बाँड्दै आए पनि अहिलेसम्म समाधान हुन नसकेको भूमिको समस्याको दिगो समाधान भनेको नागरिकलाई आफैँ गरिखान सक्ने वातावरण बनाउने हो।

यसर्थ बुटवल उप-महानगरभित्रका सुकुम्बासी बस्तीका वास्तविक सुकुम्बासी (आफैँ अर्को घर किन्न नसक्ने वा भाडा तिरेर पनि बस्न नसक्ने अत्यन्त गरिब) लाई अर्को उचित स्थानमा व्यवस्थापन गरेपछि बाँकी नक्कली सुकुम्बासीलाई (आफैँ घर किन्न सक्ने वा भाडामा बस्न सक्ने) आफैँ छोड्ने निश्चित समय दिनेलगायतका विधि अपनाएर कानून बमोजिम बस्ती हटाउनुपर्छ । बरु उप-महानगरले नक्कली सुकुम्बासीको पहिचान गर्नु पर्दछ। खोला नाला हड्पेर शहर कुरूप बनाउने र बाढीको जोखिम बढाउने अवस्थाको अन्त्य गर्नैपर्छ।

# तानसेनमा साइकल-फुट ट्रेल निर्माण



पाल्पा। जिल्लाको तानसेन नगरपालिका र राष्ट्र संघीय विकास कार्यक्रमको सहयोगमा नेपाल पर्यटन बोर्डमार्फत सञ्चालित जीवीकोपार्जन पुनरूत्थानका लागि दीगो पर्यटन परियोजना 'एसटीएलआरपी'ले साइकल फुट ट्रेल निर्माण र फोहोर व्यवस्थापन सामग्री राख्ने काम सम्पन्न भएको छ।

तानसेन नगरपालिकाको श्रीनगर र रानीमहल क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण गर्न तानसेन नगरपालिकाबाट १५ लाख ५ हजार र परियोजनाबाट ११ लाख ४५ हजार गरी कुल २६ लाख ५० हजार बजेटबाट श्रीनगर र रानी महलमा फोहोर व्यवस्थापन, पालिकास्तरीय फोहोर व्यवस्थापन कार्यविधिको निर्माण, पर्यटकीय संकेत चिन्ह, आयोजनाको होडिङ्ग बोड जडान, श्रीनगरमा साइकल फुड ट्रेल निर्माण कार्यहरू सम्पन्न भएको तानसेन नगरपालिकाका वरिष्ठ योजना अधिकृत विष्णु पौडेलले जानकारी दिए।

परियोजनाले तानसेनको पर्यटकीयस्थल श्रीनगरमा फुड ट्रेल निर्माण भएसँगै साइकल यात्रीहरूलाई धेरै सहज भएको छ, भने प्रेमको प्रतिकको रूपमा रहेको रानीमहल क्षेत्रमा आगमन हुने पर्यटकहरू र श्रीनगरमा घुम्न आउने पर्यटकहरूलाई फोहोरमैला व्यवस्थापनको सामग्री राखिएसँगै सहजता भएको हो । पर्यटकीय स्थलहरू रानी महल र श्रीनगर डाँडामा तानसेन नगरपालिका र परियोजनाले फोहोर व्यवस्थापनको लागि सामग्री राखेसँगै एक फोहोर व्यवस्थापनमा सहजता भएको छ, भने अर्को उक्त पर्यटकीय स्थलको सुन्दरतामा समेत वृद्धि गरेको छ। परियोजनाले समग्र तानसेनको पर्यटकिय क्षेत्रको प्रवर्द्धनका लागि निरन्तर कार्य गर्दै आएको छ।

# शारीरिक रूपमा स्वस्थ्य रहन मुख स्वास्थ्यको महत्व



टेकराज पन्थी

स्वास्थ्य भनेको रोग तथा दुर्बलताबाट मुक्त हुनु मात्र नभई सम्पूर्ण शारीरिक, मानसिक तथा सामाजिक अवस्था तन्दुरुस्त हुनु हो । मुखलाई स्वास्थ्यको दर्पण नै मानिन्छ । मानिसको मुखको स्वास्थलाई उसको व्यक्तित्वसँग जोडेर हेरिन्छ। मधुमेह, हृदयरोग झैं कार्डियो भास्कुलर रोगहरु अनि श्वासप्रश्वासका रोगहरु मुखको स्वास्थ्यसँग सम्बन्ध राख्ने रोगहरू हुन्। नियमित दन्त परीक्षण, दाँतको राम्रो सुरक्षा र स्वस्थ्य खानेकुराहरु मुखको ख्याल राख्नका लागि जरुरी विषयहरु हुन् ।

बढ्दो फास्ट फुड, चिसो तातो खाने चलनले बालबालिकाहरु झनै मुखको स्वास्थ्यको जोखिममा रहन्छन् । पहिला पहिला अर्गानिक खानपिन हुँदा मुखसम्बन्धी कम रोग लाग्ने गर्दथ्यो । भुटेका मकै, भटमास, चना, स्याउ, अम्बा इत्यादि चपाएर खाने गरिन्थ्यो । तर आजकाल काटेर साना टुक्रा बनाएर खाने, मकै भटमासका स्थानमा चाउचाउ, मम, बिस्कुट जस्ता जंकफुड खाने चलन बढ्दै गएको छ । त्यसैगरी मासु तथा मसालेदार भोजनको सेवनले जिब्रोलाई जति आनन्दित तुल्याउँछ, त्यति नै मुख स्वास्थ्यका लागि चुनौती सिर्जना गर्छ। मासुको अत्यधिक सेवनले गिजामा मासुका त्यान्द्रा अड्किने, हड्डीले दाँत भाँचिने तथा कुँड्किने, दाँत दुख्ने तथा खानामा लशून-प्याजको अत्यधिक सेवनले मुख गन्हाउने जस्ता समस्या देखापर्छन् । मुखमा ब्याक्टेरियाको मात्रा अत्यधिक भई टन्सिलाइटिस तथा फ्यारेन्जाइटिस हुने प्रवल संभावना हुन्छ।

मुखलाई स्वस्थ्य राख्न सानै उमेरदेखि दिनहुँ सफा गर्ने, पखाल्ने, प्रभावकारी तरिकाले ब्रश र पेस्ट लगाउने गर्नाले दाँतको समस्या धेरै हदसम्म समाधान हुन्छ । ब्रश गर्दा धेरै घोटेर गर्नु राम्रो हुन्छ भन्ने सोच गलत हो, उपयुक्त तवरले तलमाथि गर्दै ब्रश गर्नु जरुरी हुन्छ। हाम्रो शरीरको प्रवेशद्वार मुख हो । शरीर सञ्चालनको लागि चाहिने शक्ति खानाबाट प्राप्त हुन्छ। खाना मुख हुँदै दाँतले चपाएपछि शरीरभित्र पस्छ । खाना खान मात्र होइन, मुहारको चमक बढाउन, बोलीको शैली विकास गर्न पनि मुखको अहम् भूमिका हुन्छ। तर त्यही मुखको बनावटमा सबैभन्दा महत्वपूर्ण भूमिका खेल्ने दाँत तथा मुखको स्वास्थ्य बारे खासै ख्याल नै गर्दैनौं । मानव जीवनमा दुई सेट दाँत आउँछन् । बाल्यकालका दाँतलाई हामी दूधे दाँत भन्छौं। ६ महिनादेखि २१ वर्षभित्रमा मुखमा ३२ वटा दाँत हुन्छन् । दूधे दाँत फेरिएर स्थायी दाँत आउने भएकोले कतिपयमा स्थायी दाँत फेरिएर अर्को दाँत आउने भ्रम पनि रहेको पाइन्छ।

बिहान बेलुका फ्लोराइडयुक्त दन्तमञ्जनले दाँत माझ्नाले मुखका धेरै समस्या निराकरण हुन्छन् । दाँतका लागि फ्लोराइड अति आवश्यक खनिज हो । दाँतको बाहिरी भागमा रहेको इनामेलसँग दाँत विकासको क्रममा फ्लोराइड मिसिंदा फ्लोरहाइड्रो अक्सिएपटाइट क्रिस्टल बन्छ, जसले दाँतलाई कीराले खानबाट जोगाउँछ । फ्लोराइडले कीटाणुलाई मार्नुका साथै वृद्धि प्रक्रिया रोक्न मद्दत गर्छ । फ्लोराइड सार्वजनिक स्वास्थ्य औजार हो। पश्चिमा राष्ट्रहरूमा यसलाई पिउनेपानीमा मिसाउने चलन छ। गिजा र दाँत समाति राख्ने तन्तुको रोग, (दन्त हर्सा), बाङ्गो टिङ्गो दाँतले हुने समस्या (माल अक्लुजन), मुखको क्यान्सर, मुख, अनुहार र दाँतमा लाग्ने चोटपटक, तालु र ओठको खुँडेपन, स्वास गन्हाउने समस्या (ह्यालिटोसीस), नोमा र शारीरिक बिमारीका कारणले मुखमा देखिने समस्याहरु प्रमुख समस्या हुन्। अहिले शहरमुखी जनजीवन र खानपान, मुख स्वास्थ्यसँग जनचेतनाको अभाव, जंकफुड ह्याबिट जस्ता खाद्य व्यवहारले मुख स्वास्थ्यमा समस्या निम्ताएको छ।

मुख स्वास्थ्यमा देखिने अधिक समस्याहरु रोकथाम गर्न सकिने खालका भएकाले समुदाय र स्कुलमा मुख स्वास्थ्यसम्बन्धी जनचेतना मुलक कार्यक्रम र पाठ्यक्रम विकास गर्ने नीतिगत व्यवस्था गरिनु पर्दछ।

मधुमेह, उक्तरक्तचाप, मुटुरोग, मानसिक रोग नकारात्मक सोचका उपज हुन् । यसबाट मुक्त हुन आफ्नो जीवनशैली परिवर्तन गर्न जरूरी छ। भोजन आहार हो, जसलाई हामीले मुख र जिब्रोद्वारा भित्र लिन्छौं । तर आँखाद्वारा पनि हामीले बाहिरको दृश्य भित्र लिन्छौं। दृश्य पनि आहार नै हो । कानले लिने आवाज, छालाले गर्ने स्पर्श तथा मनले ग्रहण गर्ने विचार र कल्पना पनि आहार नै हो । गलत विचारको आहारले नै अधिकांश मानसिक रोग सुरु हुन्छन् ।

दाँत तथा मुख स्वास्थ्य हाम्रो शारीरिक स्वास्थ्यको ऐनाको रुपमा हेरिन्छ । धेरै दीर्घ रोगहरूको सुरुवाती लक्षण मुखमा सामान्य परिवर्तन आएर देखिन्छ भने अर्कोतर्फ मुख स्वस्थ्य राख्न सकिएन भने त्यसकै कारणले अन्य धेरै रोगहरूको सिकार बन्नुपर्ने अवस्था पनि आउँछ। त्यसकारण शारीरिक रुपमा स्वस्थ्य रहनलाई मुख स्वास्थ्यको विशेष ख्याल गर्नुपर्ने देखिन्छ। मुख तथा दाँतसम्बन्धी धेरै रोगहरूको सजिलै रोकथाम गर्न सकिने भएता पनि विश्वभर नै धेरै मानिसहरु मुख तथा दाँतसम्बन्धी कुनै न कुनै समस्याबाट ग्रसित रहेको धेरै अध्ययनहरुले देखाएको छ । विकसित देशहरुमा मुख्यतः खानपिनको कारणबाट धेरै मुख तथा दाँतसम्बन्धी रोगहरु लागेको पाइन्छ भने विकाशिल देशहरुमा भने जनचेतनाको र स्वास्थमा पहुँचको कमि कै कारण पनि धेरै मानिसहरूमा मुखसम्बन्धी समस्या देखिने गरेका छन्। विभिन्न देशमा भएका फरक फरक अध्ययनले शैक्षिक अवस्था, आर्थिक अवस्था र सामाजिक अवस्थाको मुख स्वास्थ्यसँग गहिरो सम्बन्ध रहेको देखाएको छ । हाम्रो जस्तो देशमा मुख तथा दाँतसम्बन्धी धेरै समस्याहरुको मुख्य कारकतत्व मध्ये जनचेतनाको कमि, आर्थिक, सामाजिक अवस्था, अनि सरकार र सरोकारवाला निकायहरूले मुख स्वास्थ्यलाई उपेक्षामा पार्नु नै हो। दाँत तथा मुखसम्बन्धी धेरै समस्यामा दाँत नदुखे पनि दाँत बाङ्गोटिङो हुनु, दाँत नहुनु, बोली राम्रोसँग नआउनु, ओठ तथा तालुमा चिरा पार्नु, दाँतमा दाग हुनु, स्वास गन्हाउनुलगायत थुप्रै दाँतसम्बन्धी समस्या छन् भने व्यक्ति खुलेर हाँस्न पनि नसक्ने र सार्वजनिक कार्यक्रममा प्रस्तुत हुँदा समेत आत्मविश्वासको कमि हुने धेरै अध्ययनले देखाएको छ। त्यसैले दाँत र मुखमा दुखाइ हुने मात्र समस्या नभई दाँतसम्बन्धी अन्य समस्याले पनि मानिसको जीवनशैलिलाई धेरै हदसम्म असर गरेको हुन्छ।

नेपाल सरकारले राष्ट्रिय मुख स्वास्थ्य नीति २०७०, मुख स्वास्थ्य निर्देशिका २०७१ मा नै नेपालमा दन्त चिकित्सक अस्पताल स्थापना गर्ने, प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल, प्रादेशिक अस्पतालमा थप दरबन्दी सृजना गर्ने भनेर घोषणा गरेको थियो । तर आज २०७९ पुषसम्म पनि न त अस्पताल स्थापना गर्ने विषय अघि बढेको छ, न दरबन्दी सृजना गर्ने बिषय नै अगाडि बढेको छ। दाँत तथा मुखसम्बन्धी उपचार सबैको पहुँचमा छैन।

> *मसलेदार खानपान, जंकफुड र डिब्बा बन्द आहारको सेवन बिल्कुलै गर्नु हुँदैन, चीज तथा दूधबाट बनेका अन्य उत्पादन जस्तै पेडा, बर्फी, दूधमलाई, रसबरी नखाने, धूमपान, खैनी, गुट्खा र पानजस्ता चिज नखाने यसले पायरियालाई बढाउँछ, पायरियाबाट पीडित बिरामीले कहिल्यै पनि चिनी, मिठाइ, चकलेटजस्ता खाद्यपदार्थ प्रयोग गर्नु हुँदैन।*

दाँत शरीरको स्वास्थ्य र सौन्दर्यसँग अभिन्न रुपले जोडिन्छ। खानेकुरा एकदमै राम्ररी चपाएर खानुपर्छ । जति मिहिन ढंगले चपाउन सकिन्छ, त्यती नै पाचन यन्त्रका लागि सहज हुन्छ। अतः यसका लागि दाँत बलियो र सफा हुनैपर्छ। दाँत बलियो भएमा समग्र पेट वा स्वास्थ्य राम्रो हुन्छ । जे खादा पनि बत्तिसपटक चपाएर खानु पर्दछ। दाँतलाई सफा राख्न धेरै गाह्रो छैन। खाना खाएपछि दाँत राम्ररी सफा गरे पुग्छ। दिनमा दुई पटक राम्ररी ब्रस गर्ने वा अन्य खानेकुरा खाइसकेपछि मुख कुल्ला गर्ने विधिले दाँत सफा हुन्छ वा दाँतमा फोहोर जम्न पाउँदैन।

हामीले ब्रस गर्न सानैबाट सिकेका हुन्छौं तर आश्चर्यजनक मान्नु पर्दछ कि धेरैजसो मानिसहरुले अझैं पनि सहि ढंगले ब्रस गर्न जान्दैनन् । दन्त चिकित्सकहरुका अनुसार स्वस्थ्य र मजबुत दाँतको लागि दैनिक ब्रस गरिसकेपछि जिब्रो पनि राम्रोसँग सफा गर्नुपर्छ।

» क्रमशः

---

**नयाँ** ....

गत आर्थिक वर्षमा 'एक वडा एक उत्पादन' कार्यक्रममार्फत् व्यवसायिक उत्पादनमा जोड दिने, सहकारीमार्फत सामूहिक खेती प्रणालीमा जोड दिने, कृषि औजार तथा सामग्रीहरु अनुदानमा उपलब्ध गराउने, भेटेनरी ल्याब सञ्चालन गर्नेलगायतका नीति तथा कार्यक्रममा समावेश छ । अहिले पनि उनै कार्यक्रमलाई निरन्तरता दिने उल्लेख गरिएको छ। छत्रकोटले वैदेशिक रोजगारीमा जान बाध्य युवाहरुलाई लक्षित गर्दै व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गर्ने, उद्योग तथा वाणिज्य व्यवसायको दर्ता प्रक्रियालाई सरलीकृत गर्न सबै वडा कार्यालयहरुमा घुम्ती शिविर सञ्चालन गर्ने, साना तथा मझौला उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने, छत्रदेवको पहिचान तथा महत्व झल्काउने गीत निर्माण गर्नेलगायतका नीति कपि पेष्ट गरेको छ।

कला-संस्कृतिहरुको प्रचार-प्रसार गरी साँस्कृतिक पर्यटक प्रवर्द्धनमा टेवा पुऱ्याउने, सीप सिक्न चाहने बेरोजगार व्यक्तिहरुलाई स्थानीय र प्रदेश सरकारको सहकार्यमा सीपमूलक तालिम सञ्चालन गर्ने, स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाको गुणस्तरीयतालाई सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुलाई थप सुदृढ बनाउँदै लैजानेलगायतका नीतिहरु कपि पेष्ट नै गरेको छ । छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठले परिवर्तन विस्तारै हुने भएकाले हतार नगर्न आग्रह गरे । 'नयाँ नीति कार्यक्रम ल्याउनका लागि समय पनि छोटो भयो, हतारमा ल्याएको कार्यक्रम हो,' उनले भने-'परिवर्तन हतारमा हुँदैन, विस्तारै हुन्छ ।' जनप्रतिनिधिहरुबीच पनि सबैको सोचाई एउटै नहुने भन्दै श्रेष्ठले समृद्ध छत्रदेव बनाउनको लागि आफू लागिपरेको बताए।

**भूमिकास्थानमा पनि उस्तै**

भूमिकास्थान नगरपालिकाले पनि पुरानै नीति तथा कार्यक्रम दोहोऱ्याएको छ । नगरपालिकाले स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार मापदण्डअनुसारको बनाउने, नगर तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई छिटो, छरितो गर्नका लागि सफ्टवेयरको व्यवस्था गर्ने, जनप्रतिनिधि र कर्मचारीको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने, मसला तथा जुडीबुटीजन्य बिरुवाहरु रोप्ने कार्यलाई प्राथमिकता दिने नीति तथा कार्यक्रम दोहोऱ्याएको छ । स्वास्थ्य संस्थाहरुको आन्तरिक व्यवस्थापन, सञ्चालन र सहजताका लागि संस्थागत अनुदानको व्यवस्थापन गर्ने, नगरपालिकालाई पूर्ण सरसफाइउन्मुख बनाउन पहल गर्ने, उत्कृष्ट सेवा तथा कार्य सम्पादन गर्ने स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने, कोल्डचेन व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाउने, आधारभूत तथा सामुदायिक स्वास्थ्य इकाईमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेलगायतका नीति तथा कार्यक्रम दोहोरिएका छन्।

भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापाले कतिपय विषयहरु ऐन नियमभित्र रहेर गर्नुपर्ने हुँदा सोंचेजस्तो नीति कार्यक्रम नआएको बताए । परिवर्तन क्रमिक रुपमा हुँदै जाने हुनाले अहिले आफूहरुले कृषि र पर्यटनलाई जोड दिएको थापाले जनाए । 'संघीय सरकारका आफ्नै नियम छन्, तै पनि हामीले उत्पादनलाई जोड दिएका छौ,' उनले भने- 'अहिले कृषकको उत्पादनका बजारीकरणको ग्यारेन्टी गरेका छौं ।' ग्रामीण भेगका पालिकाहरुका नीति तथा कार्यक्रम उस्तै रहने थापाको भनाई छ।

**सावा र**.....

(उद्योग व्यापार संगठन, रुपन्देही) का अध्यक्ष अनिलकुमार ज्ञवालीले बताए । हामीहरुले रहरले होइन बाध्यताले आन्दोलनमा उत्रेका छौं, हाम्रो मागहरु पूरा नभएसम्म आन्दोलनको कार्यक्रमहरु निरन्तर हुने उनले जनाए।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले कोभिडको मारमा पुगेका उद्योगी व्यवसायी विस्थापित हुने अवस्थामा पुगेको बताए। उनले धेरै उद्योग बन्द भएको र उत्पादन क्षमता समेत घटेको अवस्था रहेको बताएका थिए।

आन्दोलनको कार्यक्रम गरे पनि राज्यले सुनेको छैन । हामीहरुको माग पूरा नभएसम्म चरणबद्ध रुपमा उद्योग बन्द गरी आन्दोलन जानरी राख्ने उनले बताए । ८-९ प्रतिशतमा लिएको ऋण व्याजदर बढेर १६ प्रतिशतसम्म पुगेको छ, बजारलाई चलायमान गराउन बैंक तथा वित्तीय संस्थाले सहकार्य गर्नुपर्नेमा ज्यादती गरिरहेको उनको आरोप छ।

उद्योग वाणिज्य संघको नेतृत्वमा भएको कार्यक्रमअन्तर्गत बुधबार राष्ट्र बैंक अगाडि धर्ना दिई प्रवेशमा रोक लगाउने रहेको छ । पहिलो दिन कार्यालय अगाडि १ बजेसम्म धर्ना दिइएको थियो। धर्ना कार्यक्रममा यस क्षेत्रका उद्योगी व्यवसायीका साथै छाता संगठनका केन्द्रीय तथा जिल्लागत संघका पदाधिकारी, पूर्वअध्यक्ष तथा पदाधिकारीलगायतको उपस्थित रहेको थियो।

**जाडोसँगै**.....

वरिष्ठ बालरोग विशेषज्ञ डा. विनोद पराजुलीका अनुसार जाडो समयमा बढी चिसो हुने भएकाले बालबालिका र वृद्धवृद्धालाई विशेष ख्याल गर्नु पर्दछ। सकेसम्म बिहान बेलुका चिसो बढी हुने भएकाले बालबालिकालाई बाहिर तिर नहिडाउने, घरमा न्यानो बनाएर राख्ने, चिसो खानेकुरा खान नदिने, तातो झोलिलो पदार्थ प्रशस्त मात्रामा खान दिने गर्नु पर्दछ।

बालबालिकामा ठूलो व्यक्तिहरुमा भन्दा मौसमी रोगहरु बढी देखिने गर्दछन् । किनकी बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता अली कम हुने गर्दछ । यो मौसममा सामान्य रुघाखोकी जसलाई भाईरल रुघाखोकी पनि भन्ने गरिन्छ । रुघाखोकी बढ्दै जाँदा निमोनिया हुन सक्छ। यो मौसममा दम भएका बालबालिकालाई अलि बढी दुःख दिने गर्दछ। त्यस्तै अहिले अलि सुरु भएको छैन, अलि बढी चिसो भयो भने झाडापखाला जसलाई एक किसिमको भाइरल डायरीया अर्थात रोटा भाईरस संक्रमण पनि भन्ने गरिन्छ। मस्तिस्क ज्वरो अर्थात मनेन्जाइटिस, इन्सेपलाइटिस पनि भन्ने गरिन्छ। यो जाडो गर्मी जुनसुकै मौसममा पनि हुने गर्दछ।

कुनै कारणबस व्याक्टेरिया शरीरमा प्रवेश गर्दछ र रगतको माध्यमबाट दिमागमा गएर असर गऱ्यो भने मेनेन्जाईटिस भनिन्छ र भाइरस शरीरमा गएर दिमागसम्म पुग्यो भने इन्सेपलाईटिस भन्ने गरिन्छ। यो अलि जटिल समस्या हो। यसमा बच्चालाई झट्का आउने, कम्पन आउने, बेहोस हुने, सुरु शुरुमा त उल्टी हुने, ठूलो ज्वरो आउने, टाउको दुख्ने बिस्तारै बढ्दै जाँदा बच्चा काम्ने, बेहोस हुने हुन थाल्छन् । समयमै उपचार हुन सकेन भने ठूला समस्या हुने हुन्छ।

डा.पराजुलीका अनुसार बच्चा बिरामी हुने बित्तिकै आत्तिहाल्ने जथाभावी एन्टिमइक्रोवियल प्रयोग गर्ने चलन छ । यो राम्रो कुरा नभएको उनले बताए । सामान्य रुघाखोकी अर्थात् भाइरल रुघाखोकी छ भने त्यसमा एन्टिबायोटिक प्रयोग गरिहाल्नु पर्छ भन्ने पनि छैन।

एन्टिबायोटिक प्रयोग गर्ने हो जथाभावी पसलमा एन्टिबायोटिक किनेर खाँदा त्यसको मात्रा नपुग्न सक्छ किन भने बच्चालाई औषधि दिँदा त्यसको तौलअनुसार डोज मिलाएर दिनुपर्ने हुन्छ । अर्को मुख्य कुरा बच्चालाई एन्टिमाइक्रोवियल चाहिने नै हो कि होइन त्यो पनि थाहा हुँदैन । यतिकै प्रयोग भयो भने बच्चालाई हानी पुऱ्याइरहेको हुन्छ। दोस्रो कुरा एन्टिमाइक्रोवियल चाहिने नै रहेछ भने पनि ओषधिको मात्रा मिलाउनु पर्ने हुन्छ । त्यसैले एन्टिमाइक्रोवियलको उचित प्रयोग भएन भने त्यसले रेसिसटेन अर्थात प्रयोग गरिएको औषधि पुनः प्रयोग गर्न बिरामीलाई काम नगर्ने हुन्छ।

त्यसैले सामान्य रुघाखोकी हुँदा झोलिलो खानेकुरा तातो पानी खुवाउनु न्यानो पारेर राख्ने र घरेलु दबाई खुवाउने गर्नुपर्छ । सामान्य ज्वरो आउँदा प्यारासिटामोलको प्रयोग गर्न सकिन्छ। तर कुनै एन्टिमाइक्रोवियल प्रयोग गर्दा डाक्टरको सल्लाह लिन आवश्यक छ।

बरिष्ठ बालरोग विशेषज्ञ डा. बिनोद पराजुलीले अहिलेको जाडो सिजनको कुरा गर्दा सामान्य रुघाखोकी छ, सामान्य ज्वरो छ भने घरमै हेरचाह गर्न सकिन्छ तर लगातार ज्वरो आउँछ, बीचमा ज्वरो नआउँदा बच्चा एक्टिभ छ, भने त्यत्ति धेरै दुई तीन दिनसम्म डराउनु नपर्ने बताए। तीन दिनपछि पनि लगातार उच्च ज्वरो आयो बच्चा सिथिल भयो, राम्रो सँग खाना खाएन अर्को श्वासप्रश्वास सम्बन्धी कुरा गर्दा बच्चाले छिटोछिटो श्वास फेर्ने, कोखा हान्ने अर्थात पेट र छातीको बिचको भाग श्वास फेर्दा भित्र भित्र धस्सिने बच्चा लर्थक्क पर्ने, दूध राम्रोसँग नचुस्ने बढी झिझिने गर्न थाले तुरुन्त अस्पताल ल्याउनु पर्दछ। किनकी यो भनेको निमोनियाको लक्षण हुन सक्छ । त्यस्तै झाडापखलाको कुरा गर्दा दिसा छिटो छिटो तारम्तार गर्ने, पिसाब कम हुने उल्टी बढी हुने हुन्छ।

बच्चालाई जाडोबाट बचाउन आगो फुकेर सेक्ने चलन छ । त्यसले गर्दा बच्चामा श्वास प्रश्वासमा समस्या हुन सक्छ। दाउराबाट निस्केको धुवाँले बच्चाको दमलाई अझैं बढाउन सक्छ। बच्चालाई खानेकुरामा पनि ध्यान दिनु पर्दछ। सकेसम्म जन्मने बित्तिकैबाट बच्चालाई गाई वा भैंसीको दूध खुवाउने गरेको पाइन्छ। तर १० महिना पूरा भएपछि मात्र गाई भैंसीको दूध खुवाउन उपयूक्त हुने वरिष्ठ बालरोग विशेषज्ञ डा. पराजुली बताउँछन्।

# न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण

बुटवल । गुल्मी जिल्लाको छत्रकोट-३ स्थित एक विद्यालयमा अध्ययनरत विपन्न विद्यार्थीहरुलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरिएको छ । रोटरी क्लब अफ बुटवल डाउनटाउनले श्री चण्डीदेवी आधारभूत विद्यालयमा अध्ययरत अति विपन्न २ सय ५० जना विद्यार्थीहरुलाई न्यानो कपडा र शैक्षिक सामग्रीहरु वितरण गरिएको हो ।

एक समारोहका बीच जोन १७ का एजी प्रेम भुर्तेल, छत्रकोट गाउँपालिकाका अध्यक्ष गुल्मी रामप्रसाद पाण्डे, क्लबका अध्यक्ष भरत राना, ईलेक्ट प्रेसिडेन्ट कमला हमाल, पूर्वअध्यक्ष रवी पोखेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गुणाखर पन्त प्रधानाध्यापक जंगबहादुर अर्यालले उक्त सामग्री हस्तान्तरण गरेका छन् ।

जोन १७ का एजी प्रेम भुर्तेलले रोटरी इन्टरनेश्नल पोलियो शून्यदेखि अन्य धेरै सामाजिक कार्यमा विश्वमा पहिचान बनाएको सामाजिक संस्था भएको बताए ।

क्लबका अध्यक्ष भरत रानाले सामाजिक उत्तरदायित्व अन्तरगत क्लबमार्फत् वर्षभरि नै कार्यक्रम गरिँदै आएको जनाए । कार्यक्रमका संयोजक केशब टण्डनले २ सय ५० पिस स्वीटर तथा कापी पेन्सिललगायत शैक्षिक सामग्रीहरु विद्यालयका अति विपन्न दलित बस्तीका विद्यार्थीलाई वितरण गरिएको बताए ।


## लुम्बिनी प्रादेशिक अस्पतालबाट उपलब्ध सेवाहरु:

**बहिरंग सेवा (OPD)**

- **जनरल मेडिसिन**
- न्यूरो मेडिसिन
- बाल रोग
- यौन तथा छाला रोग
- नफ्रोलोजी
- जनरल सर्जरी
- हाडजोर्नी तथा नशा
- नाक, कान र घाँटी रोग
- आँखा रोग
- यूरोलोजी
- न्यूरोलोजी
- न्यूरो साइक्याट्रिक
- स्त्री तथा प्रस्तुति
- दन्त रोग
- कार्डियोलोजी

**रेडियोलोजी/डायग्नोष्टिक:**

-अल्ट्रासाउण्ड
-एक्सरे
-इण्डोस्कोपी/कोलोनोस्कोपी
-इ.इ.जी.
-सिटी स्क्यान
-इ.सी.जी.
-अडियोग्राम

**अन्तर्गत सेवा** (IPD)
विरामी भर्ना
**NICU**
आई.सि.यु. सेवा
डायलाइसिस

**अन्य सेवाहरु:**
-फिजियोथेरापी
-अडियोग्राम
**-मेथाडोन/OST**
-ए.आर.टी., भी.सी.टी.
ए.आर. भी./ ड्रेसिङ (कुकुरले टोकेको)

**कोभिड-१९ को संक्रमणबाट बचौं र अरुलाई पनि बचाऔं ।**

-संक्रमितहरुको उच्च मनोबल राख्न हौसला प्रदान गरौं ।
-कोरोनाबाट आफू पनि सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित राखौं ।
-कोरोना संक्रमणबाट बच्नका लागि जनस्वास्थ्यका सबै मापदण्ड पालना गरौं ।
-मास्कको नियमित प्रयोग गरौं ।

**लुम्बिनी प्रादेशिक अस्पताल**
**बुटवल, रुपन्देही, लुम्बिनी प्रदेश**


## बिमालेख हराएको सूचना !

मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विमालेख बुटवलदेखि भैरहवा जाने क्रममा मिति २०७९/०७ /०५ गते हराएको हुदाँ फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी चौकी , प्रहरी कार्यालय बुझाई दिनुहुन वा मेरो निम्न ठेगाना र मेरो मोबाईलमा नम्बर , ठेगाना सम्पर्क गरिदिनु हुन बिन्रम अनुरोध गर्दछु ।

**नाम**- गीता भट्टराई
**ठेगाना** - तिलोत्तमा-५, मणिग्राम
**विमा लेख नं.** -३२१००८४८८
**मोबाईल नम्बर** - ९८४७०७८७५०

## बिमालेख हराएको सूचना !

मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको विमालेख बुटवलदेखि भैरहवा जाने क्रममा मिति २०७९/०७ /०५ गते हराएको हुदाँ फेला पार्नुहुने महानुभावहरूले नजिकको प्रहरी चौकी , प्रहरी कार्यालय बुझाई दिनुहुन वा मेरो निम्न ठेगाना र मेरो मोबाईलमा नम्बर ,ठेगाना सम्पर्क गरिदिनु हुन बिन्रम अनुरोध गर्दछु ।

**नाम**- बाबुराम भट्टराई
**ठेगाना** - तिलोत्तमा-५, मणिग्राम
**विमा लेख नं.** -३२१००८४९४
**मोबाईल नम्बर** - ९८५५०५३६११

## विषय : कार्यालय सहयोगी पदपूर्ति सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९।०९।१३**

यस बिद्यालयमा रिक्त रहेको कार्यालय सहयोगी पदमा रामग्राम नगरपालिका शिक्षा शाखाको मिति २०७९।०९।०८ गते च.नं.२०८० को प्राप्त अनुमति पत्र अनुसार मिति २०७९।०९।११ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार योग्यता पुगेको नेपाली नागरिकको हकमा दरखास्त आब्हान गरिन्छ । नोट विस्तृत जानकारीको लागि विद्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**गौरीशंकर पाण्डेय**
**प्रधानाध्यपक**

**श्री जनता आधारभूत विद्यालय**
**रामग्राम न.पा -१५ ननई न.प (बसुप)**
**सम्पर्क नं ९८०४४९१०८८**

# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अर्खावाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०९/१३**

१. यस मालिका गाउँपालिका बाट आर्थिक वर्ष २०७९/८० को अवधिको लागि तपशिल वमोजिमको स्थानहरुमा ढुङ्गा,गिटि, बालुवा लगायतका नदिजन्य पदार्थहरुको निकासी कर संकलन गर्न ठेक्का बढाबढ प्रक्रिया द्धारा बन्दोवस्त गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । इच्छुक ,व्यक्ति ,फर्म संस्था वा कम्पनिहरुले तपशिल वमोजिमको शर्तको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सुचित गरिन्छ ।
२. यो सुचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म सिलबन्दी दरभाउपत्र फारम यस कार्यलयमा सम्बन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अध्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणीत ईजाजत प्रत्र, अध्यावधिक नविकरण फर्म, सस्था वा कम्पनि दर्ताको प्रमाणीत प्रमाण पत्र, मुल्यअभिबृद्धि करमा दर्ताको प्रमाणीत पत्र, स्थायी लेखा नं. (PAN) प्रमाणीत पत्र, आर्थिक वर्ष २०७७-७८ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, नियमानुसारको तपशिलमा उल्लेख सिलबन्दी दरभाउपत्र दस्तुर (पछी फिर्ता नहुने गरि) निवेदन साथ पेश गरेपछी नियमानुसार छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।
३. सिलबन्दी दरभाउपत्र १६ औ दिनको १२ बजे सम्म पेश गरि सक्नु पर्ने र सोहि दिनको दिन को १ बजे मालिका गाउँकार्यपालिकाको कार्यालय अर्खावाङ्ग गुल्मीमा सिलबन्दी दरभाउपत्र खोलिने छ ।
४. सिलबन्दी दरभाउ पत्र साथ आफुले कवोल गरेको अङ्कको ५ प्रतिशत धरौटी मालिका गाउपालिकाको बैंक अफ काठमाडौं लि. अर्खावाङ्ग गुल्मीमा रहेको धरौटी खाता नं. ०१८४००००००५४५२४ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ । साथै बैंक ग्यारेन्टी लाई समेत मान्यता दिईने छ ।
५. रकम तिर्न किस्ता गरि बुझाउनु पर्ने छ । पहिले नै एकमुष्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिने छ ।
६. कबोल गरेको रकमअङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । पहिले नै एक मुस्ट बुझाउन चाहेमा आफैले कबोल गरेको अङ्कको १० प्रतिशत रकम कम गरि बुझाउन सकिनेछ ।
७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झैतापुर्व प्रथम किस्ता बापत २५ प्रतिशत रकम दाखिला गर्नु पर्नेछ ।अन्य किस्ताको धितो बापत बैंक ग्यारेन्टी परफमेन्स बोण्ड बनाई पेश गर्नु पर्नेछ । रित नपुगि वा म्याद नागिआएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
८. नियमानुसार लाग्ने सम्पुर्ण कर ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ ।
९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१०. ठेक्काका अन्य शर्तहरु सिलबन्दी दरभाउपत्रमा तोकिएअनुसार हुनेछ ।
११. यस सुचना मा नपरेका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

थप जानकारी लागी ९८५७०६७९०६ , ९८५७०८४८६९ मा सम्पर्क गर्नुहुन ।

| ठेक्का न. | ठेक्काको विवरण | इकाई | उत्खनन गर्नसकिने परिमाण (घ मी) | न्युनतम ठेक्काअक्त (मु अ कर बाहेक) | टेण्डर फारमदस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| OMRM-GUL-SQ-06-2079/080 | घमिरखोला (सिलादी खोला क्षेत्र समेत)मा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ६२४ | १३२२०।०० | १००० | |
| OMRM-GUL-SQ-07-2079/080 | हुल खोला क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १३० | २७५४२।०० | १००० | |
| OMRM-GUL-SQ-08-2079/080 | गिठे धरमपानी मालिका ८क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १७० | ३६०१६।०० | १००० | |
| OMRM-GUL-SQ-09-2079/080 | कटाहा शाहीरुम्टा मालिका ८क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ६४८ | १३७२८५।०० | १००० | |
| OMRM-GUL-SQ-10-2079/080 | ढाव मालिका ८क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ८४५ | १७९०२२।०० | १००० | |
| OMRM-GUL-SQ-11-2079/080 | अल्छ्याङ मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १२६० | २६६९४४।०० | १००० | |
| OMRM-GUL-SQ-12-2079/080 | तिलकोट मालिका ८ क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १७१४ | ३६३१२८।०० | १००० | |
| OMRM-GUL-SQ-13-2079/080 | नेटा लिलिङ बडिगाढ तथा दुनाम क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ३८६१ | ८१७९९१।०० | १००० | |
| OMRM-GUL-SQ-14-2079/080 | बोम खोला घाट (निस्दी खोला)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ११४५ | २४२५८०।०० | १००० | |
| OMRM-GUL-SQ-15-2079/080 | डाडाखेत, वडार हाइड्रोपावर (निस्दी खोला)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ३२४ | ६८६४३।०० | १००० | |
| OMRM-GUL-SQ-16-2079/080 | सिस्नेरी घाटक्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | ५१० | १०८०४९।०० | १००० | |
| OMRM-GUL-SQ-17-2079/080 | चिल्मिला घाटक्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | २८८ | ६१०१६।०० | १००० | |
| OMRM-GUL-SQ-18-2079/080 | निस्दीखोला (साविक ह्वाङ्गदी ८ र ९)क्षेत्रमा पर्ने नदिजन्य पदार्थ बिक्रि कार्य | घ मी | १८०० | ३८१३४८।०० | १००० | |

# Baganaskali Rural Municipality
## Office of Rural Executive
### Chirtungdhara, Palpa

## Invitation for Online Bids

**Date of publication: 2079/09/13 (Dec,28, 2022)**

Baganaskali Rural Municipality Office, Chirtungdhara Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***
***Name of the Bank:*** *Nepal Bank Ltd., Palpa*
***Name of the Office:*** *Baganaskali Rural Municipality Office, Chirtungdhara, Palpa*
***Bank details for Bid Document (If Cash deposit) :*** *Nepal Bank, Limited Palpa,*
***Antarik Rajaswa Account No.:*** *01703000001001000001*
***Bid Validity Period:*** *90 days*
***Bank details for Bid security ( If Cash deposit) :*** *Nepal Bank, Limited Palpa,*
***Dharauti Khata A/C no.*** *01703000003000000001*

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| BRM/PLP/W/NCB/ROAD/05/079-080 | Chilangdi, Nayer Chaupari, Khanichhap Ramdi | 7997862.35/- | 3000.00 | 200000 | 2079/10/13 12.00 Pm (Jan 27,2023) |
| BRM/PLP/W/NCB/ROAD/06/079-080 | Chilangdi-Nayer-Khanichhap-Ramdi Motor Road (1,9,3&4) | 4999062.27/- | 3000.00 | 125000 | 2079/10/13 12.00 Pm (Jan 27,2023) |
| BRM/PLP/W/NCB/ROAD/07/079-080 | Tallo Koldanda-Bharle_Darpuk Motor Road | 4999731.66/- | 3000.00 | 125000 | 2079/10/13 12.00 Pm (Jan 27,2023) |

...............................
**Chief Administrative Officer**
**Baganaskali Rural Municipality**

# Naubahini Rural Municipality
## Office the Rural Municipal Executive
### Lung Bahane, Pyuthan
### Lumbiniprovince, Nepal

## Invitation For Bids

**Date of First Publication date 2079/09/13 (28th Dec 2022)**

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost including VAT (Nrs) | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| NRM/NCB/W/079/80-8 | "Upgrading of BahaneLighaFaunepokhari Motor Bato" | 9699453.77 | 3000.00 | 250000.00 | 90 Days |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| Office name | Office of the Naubahini Rural Municipal executive, Lung BahanePyuthan | Last date of submission | 2079/10/13 Before 12:00 pm |
|---|---|---|---|
| Name of Bank | Nepal Investment Bank Ltd. Branch Office BahanePyuthan | Opening | 2079/10/13 at 14:00 pm |
| Rajaswakhata no. | 07601400250146 | Pre-bid meeting | 2079/10/02 at 14:00 pm |
| Deposit Account no. | 07601400250023(DharautiKhata) | | |

3. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp.andBidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.
4. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.

**Chief Administrative Officer**

# सरकारले आकार लिएपछि विकासले तीब्रता पाउँछः विक

बुटवल । सरकारले आकार लिएसँगै विकास निर्माण तीब्रता पाउने प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले बताएका छन् । उनले रुपन्देहीको क्षेत्र नम्बर १ लाई नमूनाको रुपमा अगाडि बढाउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

तमु ह्युल छोंज धी गुरुङ राष्ट्रिय परिषद् देवदह नगर समितिले २६०६औं तमु ल्होसारको अवसरमा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा बोल्दै उनले उक्त कुरा बताएका हुन् । नेकपा एमालेका केन्द्रीय सचिवसमेत रहेका सांसद विश्वकर्माले धेरैको बलिदानीबाट प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै विकास निर्माणको कामलाई अगाडि बढाउने जनाए । उनले रोहिणी नदीलाई राष्ट्रिय गौरवको रुपमा अगाडि बढाएर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने दाबी गरे ।

उनले यस क्षेत्रको विकासको लागि धेरै कामहरु शुरुवात भइसकेको बताउँदै आमनागरिकको चाहनालाई मध्यनजर गर्दै विकास निर्माणका योजना अगाडि सार्ने दाबी गरे । उनले नेपालमा बोलिने सम्पूर्ण भाषा, संस्कार र संस्कृतिको जर्गेना गर्न आवश्यक रहेको बताउँदै सद्भाव कायम गर्ने गरी जातीय पर्वहरु मनाउनु पर्नेमा जोड दिएका थिए । उनले भाषा, संस्कार, संस्कृतिको संरक्षण र सम्वर्द्धनले मात्र जातीय पहिचान स्थापित हुने हुँदा नयाँ पिँढीलाई पनि सिकाएर जानुपर्ने बताए । सांसद विश्वकर्माले भौतिक पूर्वाधारसँगै आमनागरिकको जीवनस्तर उकास्ने गरी कामलाई तीब्रता दिने बताए । उनले भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासहरुलाई जग्गा धनीको लालपुर्जा छिट्टै प्रदान गर्ने जनाए ।

उनले आमनागरिकको साथ र सहयोग विना विकास निर्माणका काम अगाडि बढ्न नसक्ने हुँदा विकास निर्माणमा नागरिकको सहभागिता आवश्यक रहेको बताए । सोही अवसरमा बोल्दै लुम्बिनी प्रदेशसभा सदस्य जानकी न्यौपानेले नेपालमा बोलिने सम्पूर्ण जातजातिको भाषा, संस्कार र संस्कृतिको संरक्षण गर्ने दायित्व सरकारको रहेको बताएकी थिइन ।

उनले ल्होसार तमु जातिको मात्र नभई सम्पूर्ण नेपालीहरुको पर्व रहेकोले राष्ट्रिय पर्वको रुपमा मनाउनु पर्नेमा जोड दिइन ।




अन्तर्राष्ट्रिय स्तरको दाँत सम्बन्धि सम्पूर्ण उपचार सेवा

Multispecialist Center

हाम्रा विशेषताहरु:

- Oral & Maxillofacial Surgery, च्यापु दाँत, दुर्घटनामा परि अनुहारको हड्डी भाँचिएको उपचार, पुरानो चोटपटकको दाग हटाउने कस्मेटिक सर्जरी सामान्य तथा जटिल किसिमको दाँत निकाल्ने सेवा तथा विशेष शल्यक्रिया सेवा Endodontist द्वारा दाँतको जरैदेखि विशेष उपचार RCT गरिने RCT गर्दा पटकपटक आउन नपर्ने एकैदिनमा गर्न सकिने RCT Endo Motor को प्रयोग गरि विशेषज्ञद्वारा गरिने Periodontist and Oral implantology द्वारा कृतिम दाँतको प्रत्यारोपण Implant सेवा साथै गिजा सम्बन्धि सम्पूर्ण उपचार Endodontist द्वारा बच्चाको दाँतको विशेष उपचार Orthodontist द्वारा बाँडो-टिङ्गो दाँतको तार बाँधेर सिधा बनाउने

-उपचार काठमाडौं विर अस्पताल, काठमाडौं टिचिङ्ग अस्पताल, लुम्बिनी प्रादेशिक अस्पताल, भैरहवा मेडिकल कलेज, चितवन मेडिकल कलेज तथा पाल्पा मिसन अस्पतालका अनुभव प्राप्त विभिन्न अस्पतालका डाक्टरद्वारा विशेषज्ञ सेवा उपलब्ध छ ।

प्रादेशिक अस्पतालको सटर नं. १४ बाट सरेर भुडकीचोक श्रवण पथबाट सम्पूर्ण सेवा

प्रो. मनोज आले

आले डेन्टल हस्पिटल प्रा. लि.

दाँत तथा मुखको अस्पताल, श्रवण पथ, रूपन्देही

फोन नं. : ०७१-५४२५४४, ५४०१०८

Email:dentalhospitalale@gmail.com,

www.aledental.com



ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्

गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८

मनिषा सेनेटरी ९८५११९७०९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७

सिद्धबाबा सेनेटरी ९८६४५७७२६२,९८११९९६९३२

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



हामी बोलेर मात्र

होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक

कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन

बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्

सम्पर्क

आइडिया डिजाइनर्स/अफसेट प्रेस

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com







## नेपाल नेत्रज्योति संघ

## लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर

श्री रण अम्बिका शाह आँखा अस्पताल

सिद्धार्थनगर -३, रुपन्देही

### बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

प्रकाशित मिति:२०७९/०९/१३

यस अस्पतालको मिति २०७९/०८/०७ गतेको राष्ट्रिय दैनिक , दैनिक लुम्बिनी प्रत्रिकामा तपशिल बमोजिमका शिलबन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना उपर तोकिएका समय भित्र प्राप्त हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकाले सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । निज बोलपत्रदाताले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस अस्पतालमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

तपशिल,

| क्र.स. | कामको बिवरण/ ठेक्का नं. | बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|---|
| १. | Construction of vehicle parking shed (C-01-2079/080) | Nobel group of construction Pvt.Ltd | काठमाण्डौ-१० | रु. ४४,३८,२७५।९० |
| २. | Construction of 1st& 2nd Storey on NNJS building (C-02-2079/080) | Nobel group of construction Pvt.Ltd | काठमाण्डौ-१० | रु.१,२३,०५,४८१।६२ |

प्रशासन शाखा

## Invitation for Bids

## Bhumikasthan Municipality

**Contract Identification No.: 16/BMA/W/BT/2079/080**

**Narpani Dhikura Nuwakot Motorable Road Upgrading Works**

**Date of publication: 28-12-2022**

Bhumikasthan Municipality invites electronic bids from eligible bidders for the construction of NarpaniDhikuraNuwakotMotorable Road Upgrading Works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

**Only eligible bidders with the following key qualifications should participate in this bidding:**

Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 56045277.00 Minimum Work experience of similar size and nature: 19927209.38

Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of NRs.5000/- for bidding document in the Project's Rajaswa (revenue) account as specified below

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Century Commercial Bank Ltd.

Name of the Office: Bhumikasthan Municipality

Office Code no: Office Account no: 0900000013GE Rajaswa (revenue)

Pre-bid meeting shall be held at Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal at 16-01-2023 13:00 hours.

Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, LumbiniProvince, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 27-01-2023 12:00. Bids received after this deadline will be rejected.

The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-01-2023 13:00 hours at the office of Bhumikasthan Municipality ArghakhanchiLumbini Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 1407000 which shall be valid for 30 days beyond the validity period of the bid.

**Information to deposit the bid security in Bank:**

Name of the Bank: Century Commercial Bank Ltd.

Name of the Office: Bhumikasthan Municipality

Office Code no: Office Account no: 0900000004GE Dharauti Account.

If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.


# हार्दिक बधाई तथा शुभकामना



पुष्पकमल दाहाल "प्रचण्ड"

प्रधानमन्त्री



विष्णु पौडेल — अर्थमन्त्री

रवि लामिछाने — गृहमन्त्री

नारायण काजी श्रेष्ठ — भौतिक पूर्वाधार मन्त्री

हालै सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट निर्वाचित प्रतिनिधिसभा सदस्य माननीय पुष्पकमल दाहाल"प्रचण्ड"ज्यू प्रधानमन्त्री, विष्णु पौडेलज्यू उपप्रधान तथा अर्थमन्त्री, रवि लामिछानेज्यू उपप्रधान तथा गृहमन्त्री, नारायणकाजी श्रेष्ठज्यू उपप्रधान तथा भौतिक पूर्वाधार मन्त्री पदमा आसिन हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरुको सफल एवम् सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

पदम जी.सी. — महासचिव

एवम्

गोविन्द गैरे — अध्यक्ष

उद्योग व्यापार संघ, बुटवल परिवार

बुटवल, रुपन्देही


## नेपाल सरकार

## गृह मन्त्रालय

## कारागार व्यवस्थापन विभाग

## कारागार कार्यालय गुल्मी

### दरभाउ-पत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९।०९।१३**

यस कारागार कार्यालय गुल्मीमा रहेका हाल ७८ जना कैदी बन्दीहरू (पछि थपघट हुन सक्ने) को लागि २०७९ साल माघ १ गते देखि २०८० साल पौष मसान्तसम्म एक वर्षको लागि गुणस्तरयुक्त राशन सोना मन्सुलि चामल आपूर्ति गर्न ईच्छुक नियमानुसार इजाजत प्राप्त फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु.१०।- को टिकट टाँसी ठेक्काको लागि रितपूर्वक सिलबन्दी दरभाऊ-पत्र आह्वान गरिन्छ । विस्तृत सुचना यस कार्यालय, जिल्ला प्रसासन कार्यालय गुल्मी र कोष तथा लेखा नियन्त्रक कार्यालय गुल्मीको सूचना पाटीबाट हेर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयमा (मो.नं ९८५७०७४७७७) सम्पर्क राख्नुहुन जानकारी गराईन्छ ।

**कार्यालय प्रमुख**

## Siddharthanagar Municipality

## Office Of The Municipal Executive

## Siddharthanagar, Rupandehi

## Lumbini Province, Nepal

### Invitation for Bids

**Invitation for Bids No:SNP/NCB-40/079/080**

**First Date of Publication: 2079-09-13(28th December, 2022)**

1. Sidhharthanagar Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of Garage for Tractors and other vehicles of Siddharthanagar Municipality at Bus park of Ward no.3 under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 73,33,352.66[inclusive VAT and Provisional Sum without contigency].
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi Lumbini Province, Nepal Tel. 071-570355, Facsimille 071-570165, Mail: siddhathanagar.municipality@gmail.com
3. Bidder must submit their bid electronically and must download the bidding documents foe e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, by eligible Bidders and shoulddeposit the nin-refundable fee of Rs.3000.00 till 2079-10-12(26th January, 2023) in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of the electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agriculture Development Bank, Siddharthanagar, Rupandehi
   Name of Office: Siddharthanagar 2Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi Lumbini Province, Nepal
   Office Code no.: 801054805
   Office Account no.: 04-146-01145634-20-8(ga-1-1)
   Rajaswa (revenue) Shirshak no.:14229
4. Pre-bid meeting shall be held at Siddharthanagar Municipality, Meeting Hall at 2079-10-03(17thJanuary, 2023), 13:00 PM
5. Electronic bids must be submitted to the office Siddharthanagar Municipality, Siddharthanagar-5, Rupandehi through PPMO website www.bolpatra.gov.np./egp before 12:00 noon on 2079-10-13(27th January,2023). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidder's representative who choose to attend at 13:00 PM, 2079-10-13(27th January,2023) at the office of Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi, Lumbini Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or cash, amounting to a minimum of Rs. 1,70,000.00( One Lakh Seventy Thousand Only) which shall be valid for 30 days beyond the validity period of the bid. Information of bank details to deposit the cost of bid security in Dharauti Khata.
   Name of the Bank: Agriculture Development Bank, Siddharthanagar, Rupandehi
   Name of Office: Siddharthanagar Municipality
   Office Code no.: 801054805
   Office Account no.: 04-146-01145634-03-8(ga-3)
7. If the last date of purchasig and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

Chief Administrative Officer

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, निर्देशकः ऋषि ज्ञवाली, व्यवस्थापकः महेश रिजाल, सल्लाहकार सम्पादकः यानेन्द्र जी. सी., सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रुपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेवसाइडः www. dainiklumbini.com